**मिटरब्याजी अपराध नियन्त्रण सिफारिस कार्यदलबाट प्रस्तुत प्रतिवेदन**

# मिटरब्याज एक आर्थिक अपराध

---

मिटरब्याज न्यूनिकरण गर्न अवलम्वन गर्नुपर्ने उपायहरु

**प्रस्तुतकर्ता: मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदल**
**२०७९ भाद्र २७**

**समक्ष**

मा. बालकृष्ण खाण
गृह मन्त्री
गृह मन्त्रालय

## विषय सूची


परिच्छेद एक........................................................................................ १

परिचय.................................................................................................. १

१ पृष्ठभूमि........................................................................................ १

२ समस्याको कथन.............................................................................. २

३ कार्यदल गठन र यसको कार्यादेश......................................................... ३

३.१ कार्यदलको संरचना....................................................................... ४

३.२ कार्यादेश.................................................................................... ४

४ अध्ययनको सीमा.............................................................................. ४

५ कार्यदलबाट सम्पादित मुख्यमुख्य क्रियाकलापहरू.................................... ४

परिच्छेद दुई......................................................................................... ६

विश्लेषण............................................................................................. ६

१ उजुरीको अवस्था.............................................................................. ६

२ स्थलगत अध्ययनबाट प्राप्त विवरण तथा जानकारी.................................... ८

२.१ जनप्रतिनिधिहरू........................................................................... ८

२.२ बैंक तथा वित्तीय संस्था र सहकारीहरू.............................................. ९

२.३ सञ्चार माध्यम............................................................................. १०

२.४ स्थानीय प्रशासन.......................................................................... ११

२.५ कानून व्यवसायी.......................................................................... १२

२.६ ऋणीहरूले मिटरब्याजीसँग ऋण लिने प्रयोजन...................................... १२

२.७ श्रमिक तथा गरिब किसानहरूले बैंक तथा वित्तीय संस्थासम्म कमजोर पहुँचका कारणहरू... १३

२.८ साहु महाजनसँग ऋण लिने प्रकृया.................................................... १४

२.९ उजुरी गर्दा पनि ऋणी पक्ष कमजोर हुने कारणहरू............................... १५

२.१० मिटरब्याजको दुष्चक्र (Vicious Cycle of Loan Shark) ........................ १५

३ मिटरब्याजी विरुद्धको कारवाहीमा अन्तर्राष्ट्रिय अभ्यासहरू........................... १६

४ अदालती प्रकृया र पीडितको अवस्था....................................................... १८

परिच्छेद तीन........................................................................ २०

सिफरिस.............................................................................. २०

१ प्राप्त उजुरीमा तत्काल छानबिन र कारबाहीमा निरन्तरता.............................. २०

२ सङ्घीय एकाईहरूको भूमिका र राजनैतिक प्रतिवद्धता.................................. २१

३ सरकारका वार्षिक नीति र कार्यक्रम.......................................................... २१

४ कानुनी सचेतना र सुधार............................................................................ २२

५ सचेतना साक्षरता र वित्तीय पहुँच............................................................... २४

अनुसूचीहरू........................................................................... २७

अनुसूची- १: जिल्लागत उजुरी दर्ताको विवरण र सो को वर्गीकरण........................ २७-२९

अनुसूची- २: उजुरी छानविन मार्गदर्शन..................................................... ३०-३१

अनुसूची- ३: राष्ट्रिय मानव अधिकारलाई पठाईएको जानकारी.............................. ३२-३३


अनुसूची- ४: स्थलगत अध्ययनको क्रममा उजुरीकर्ताहरूको भनाई......................... ३४-४२

अनुसूची- ५: छलफल र अन्तर्क्रियामा सहभागीहरूले राखेका भनाइहरू.................... ४३-५०

अनुसूची- ६: स्थलगत अनुगमनको क्रममा लिईएका तस्वीरहरू.............................. ५१-५७

अनुसूची- ७: सञ्चार माध्यममा प्रेषित समाचारहरू........................................... ५८-६३

अनुसूची- ८: प्रहरीमा मुद्दा दर्ता भई कारबाही भएका मुद्दाहरूको विवरण.................. ६४-६५



# परिच्छेद एक

# परिचय

## १. पृष्ठभूमि

अधिकांश गरिब तथा निरक्षर व्यक्तिहरूले पैसाको गर्जो टार्नका लागि चर्को ब्याजमा पैसा लगाउने धन्दा गर्नेहरूसँग कानुनीरुपले अस्वीकार्य/प्रचलित दरभन्दा धेरै बढी ब्याज तिर्ने कबोल गरी ऋण लिने र त्यसो गर्दा ऋणदाताले एउटा कागजमा कानुनी रूपले स्वीकार्य दर राखी अर्को समानान्तर कागज खडा गरी उच्च दरको ब्याज लिने, ऋणीले तिरेको सावाँ ब्याजको हिसाब नराखी वा तमसूकमा दरपीठ नगरी रकम तिरेको छैन भन्ने, रकम चुक्ता भैसकेपछि पनि तमसूक नच्याति पैसा नतिरेको भनी अदालतमा मुद्दा दायर गर्ने, तमसूकमा उल्लिखित अङ्कमा पछि आफै अङ्क थप गरी ऋणीले लिएको वास्तविक ऋण भन्दा केयौं गुणा बढी रकम दावी गर्ने, ऋण लिएको मितिभन्दा धेरै वर्ष अघिकै मिति राखी तमसूक बनाई अनधिकृत ब्याज असुली गर्ने, ऋण दिंदा एउटा थैली कायम गरी त्यसको निश्चित प्रतिशत रकम कट्टा गरी बाँकी रकम मात्र ऋणीलाई दिई पुरै रकमको उच्च दरले ब्याज सहित असूल गर्ने, ऋणीसँग वास्तविक ऋणको तेब्बर रकमको तमसूक बनाई निजको जग्गा समेत दृष्टिबन्धक राख्ने र कागजी ऋण तिर्न नसकेकोमा त्यस्तो दृष्टिबन्धक जग्गा रजिष्ट्रेसन पास गरी लिने, वास्तविक ऋण भन्दा तेब्बर वा सो भन्दा बढीको तमसूक खडा गरी ऋणीले ऋण तिरेपछि फिर्ता गर्ने शर्तमा ऋणीको घरजग्गा राजिनामा पास लिने तर रकम भुक्तान भैसकेपछि पनि उक्त जग्गा फिर्ता नगरी हडप्ने गरेको, खाली चेकमा सही गराई राख्ने र आफै चेकमा मिति तथा रकम भरी चेक बाउन्स लगायतका मुद्दामा फसाउने गरेको वा सो को धम्की दिई गैरकानूनी रूपले ऋणको धेरै गुणा रकम असुल्ने, ऋणीलाई पारिश्रमिक नदिई काममा लगाउने, ऋणीको यौनशोषण वा ऋणीविरुद्ध यौनहिंसा गर्ने गरेको लगायतका अपराधमा संलग्न हुने साहु महाजन तथा ऋणदातालाई मिटरब्याजी भनेर बुझ्न सकिन्छ।

सङ्क्षेपमा भन्नुपर्दा ***वित्तीय कारोवार गर्न अनुमति नलिई अति उच्चदरमा ऋण प्रवाह गर्ने, कीर्ते कागज खडा गर्ने र ऋण तिर्न नसक्नेहरूलाई धम्की वा हिंसाको माध्यमबाट आतङ्कित वा भयभीत पारी वा छलपूर्वक जायजेथा हडपी ऋणको धेरै गुणा रकम असूल गर्ने व्यक्तिहरूलाई मिटरब्याजी भनेर चिनिन्छ।***

यस्ता मिटरब्याजीहरूले शोषणका विभिन्न माध्यम अपनाई ऋणीसँग उच्च दरमा ब्याज सहित सावाँ असुल्ने र सो क्रममा ऋणीको जायजेथा आफ्नो कब्जामा लिने र ऋणको दुष्चक्रमा फँसाई आर्थिक कारोबार गर्ने गरेका, कतिपयले निर्माण व्यवसायीहरू, क्यासिनोको लत लागेकाहरू र लागु औषधको दुर्व्यशनमा परेकाहरूलाई मिटरब्याजको पासोमा पारेको पाइन्छ।

मिटरब्याजीहरूले निरक्षर, गरिब तथा आर्थिक रूपले अप्ठ्यारो परिस्थितिमा रहेका व्यक्तिहरूमाथि गरेको शोषणको श्रृङ्खलाले सयौं परिवारको बिचल्ली भएका समाचारहरू सार्वजनिक भैरहेका छन्। त्यस्ता आर्थिक अपराधीहरूलाई कानूनको दायरामा ल्याई कारवाही गर्ने प्रकृया पनि चलिरहेको छ तर पनि अझै धेरै पीडितहरूले आफ्नो पीडा सार्वजनिक गर्न वा कानूनी उपचारको लागि पहल गर्न नसकेको अवस्था छ। यसबाट नेपालको संविधान (२०७२) ले प्रत्याभूत गरेको धारा १६ बमोजिमको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा २५ बमोजिमको सम्पत्तिको हक, धारा २९ बमोजिमको शोषण विरुद्धको हक, धारा ३४ बमोजिमको श्रमको हक, धारा ३७ बमोजिमको आवासको हक, धारा ३८(३) बमोजिमको महिलाको हक एवं धारा ४२ बमोजिम सामाजिक न्यायको हक सुनिश्चित गर्ने सवालमा चुनौती थपिएको छ।

त्यसै गरी संविधानको धारा ५१(ग)(१) बमोजिम राज्यले  स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने, धारा ५१(ङ)(३) बमोजिम किसानको हक र हित संरक्षण गर्ने, ५१(झ) बमोजिम श्रम र रोजगारी सम्बन्धी नीति र ५१(ञ) बमोजिम सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिलाई पूर्णरूपेण कार्यान्वयनमा ल्याउन समेत यस्ता अपराधको समूल नष्ट गर्नुपर्ने देखिएको छ।

## २. समस्या कथन

लेनदेन व्यवहारिक जीवनको नियमित प्रक्रिया हो। मानिसको आवश्यकता कारोबार तथा आर्थिक हैसियतका आधारमा धेरथोर लेनदेन सबैले गरेकै हुन्छन्। लेनदेनले मानिसको व्यवहारिक जीवनका नियमित, आकस्मिक तथा भैपरी आउने आर्थिक गर्जो टार्ने काममा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ। मुलुकी देवानी संहिता, २०७४ को लेनदेन सम्बन्धी व्यवहारको दफा ४७८ ले साहूले ऋणीसँग ब्याज लिन पाउने व्यवस्था गरेको छ। छोटो अवधिको लागि र प्रचलित दरभन्दा अत्यन्त बढी ब्याज प्रतिफल पाउने गरी गरिएको लगानीलाई चलनचल्तीमा 'मिटर' ब्याज कारोबार भन्ने गरिन्छ। सावाँ ब्याज तिर्ने भाका छोटो भएकाले तोकिएको भाकामा नतिरे वा तिर्न नसके 'स्पिडोमिटर' मा अंक बढेजस्तो गरी ब्याज रकम बढ्ने हुनाले यस्ता कारोबारलाई 'मिटर' ब्याज भनिएको हो। मीटर ब्याँज कानुनबाट बर्जित आर्थिक लेनदेन/ क्रियाकलाप हुने भएकोले मिटरब्याजलाई वित्तीय अपराध भन्न सकिन्छ। "मिटरब्याज"लाई कानुनले परिभाषित गरेको देखिदैन। तथापि लेनदेन सम्बन्धि लिखितहरू कानुन बमोजिम नै बनाई लिखतबिना नै अतिरिक्त लेनदेन गरिने "मिटरब्याज"का क्रियाकलाप समाजमा विद्यमान रहेका छन्। वास्तविक धरातलमा जेसुकै भएपनि मिटरब्याजमा पीडित र पीडक दुवै पक्ष "म पीडित" भन्दै आफ्नोतर्फबाट लेनदेन, ठगी, वैंकिङ्ग कसूर (चेक वाउन्स), अपराधिक लाभ (एक्सटर्सन) जस्ता मुद्दा उठान गरी सम्बन्धित निकायमा आफ्नो दावी लिई आवश्यक कारबाहीका लागि जाने/ निवेदन दिने अवस्था समेत विद्यमान भएकोले मिटरब्याज कसूर अपराध स्थापित गर्ने कार्य जटील हुन गएको छ भने कतिपय त्यस्ता मुद्दाहरूमा मिटरब्याजी पीडित विरुद्ध नै मुद्दाको कारबाही भई पीडित झन् पीडित हुने अवस्था समेतलालई नकार्न सकिदैन। सामाजिक

समेत छ। मिटरब्याजी पीडितहरूले मिटरब्याजी विरुद्ध संघर्ष समिति नै गठन गरी मधेश प्रदेशका मुख्यमन्त्रीसमक्ष ज्ञापन पत्र बुझाएको र काठमाडौंमा समेत आई सरकारको ध्यानाकर्षण गराउने प्रयास गरेको देखिएको छ।

नेपाल सरकारको नीति तथा कार्यक्रम २०७९/८० को बुँदा नं. ३३ मा विपन्न परिवारको संरक्षण गरी गरिबीको दुष्चक्रबाट बाहिर ल्याउने नीति लिइने उल्लेख गरिएको छ भने बुँदा नं. १३१ मा अपराधको बदिलिँदो स्वरूपबाट सिर्जित सुरक्षा चुनौतीको सामना गर्दै आतङ्कवाद तथा सङ्गठित अपराध, मिटरब्याजी, साइबर अपराध, लागु औषधको अवैध ओसारपसार र कारोवार लगायतका सबै प्रकारका अपराध नियन्त्रण गर्न सुरक्षा निकायलाई सक्षम बनाइने उल्लेख छ।

सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०७९/०४/२७ गते बिहान आकस्मिक बैठक आह्वान भै माननीय गृहमन्त्रीज्यू, नेपाल प्रहरीका महानिरीक्षक, तथा सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक र गृह मन्त्रालयका सहसचिव समेतको उपस्थितिमा छलफल भएकोमा तत्काल समस्या समाधानका उपायहरू पहिचान गरी अपराधीहरूलाई कानूनी कारवाहीको दायरामा ल्याउन र भविष्यमा यस्ता अपराध हुन नदिन आवश्यक पहलकदमीका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट निर्देशन भएको छ।

मिटरब्याजी प्रवृत्ति आफैमा वित्तीय अपराध भएको तथा गरिबमाथि अन्याय र शोषणको माध्यमको रूपमा रहेको सन्दर्भमा मिटरब्याजी समस्याले नागरिकहरू आक्रान्त भएका जिल्लाहरूमा स्थलगत भ्रमण समेत गरी उक्त अपराधमा संलग्नहरूलाई कारवाहीको दायरामा ल्याउने तथा न्यूनीकरणका उपायहरू समेत सिफारिस गर्न कार्यदल गठन गरिएको र कार्यदलले विगतदेखिका यस्ता शोषण र उत्पीडनको अन्त्य गर्दै भविष्यमा यस्ता घटना दोहोरिन नदिन कानूनी संस्थागत संरचनागत एवं जागरणगत पक्षहरूमा समेत परिवर्तन ल्याउन कार्यदलको प्रतिवेदनले आधार प्रदान गर्ने अपेक्षा लिइएको छ।

## ३. कार्यदल गठन र यसको कार्यादेश

मिटरब्याजी अपराध नियन्त्रणका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट गम्भीरतापूर्वक पहलकदमी लिई मिति २०७९।०४।२७ गते माननीय गृहमन्त्रीस्तरीय निर्णयबाट मिटरब्याजी अपराध नियन्त्रणका उपायहरू सिफारिस गर्न एक महिनाको समयावधि दिई कार्यदल गठन भै सकेको छ। कार्यदलको संरचना र कार्यादेश देहायबमोजिम रहेको छः

### ३.१ कार्यदलको संरचना

(१) सहसचिव, डा. भीष्मकुमार भूसाल, गृह मन्त्रालय -संयोजक

(२) दिनेश आचार्य, प्रहरी वरिष्ठ उपरीक्षक, केन्द्रीय अनुसन्धान ब्यूरो - सदस्य

(३) श्रीकृष्ण पौडेल, उप सचिव (कानून), कानून महाशाखा, गृह मन्त्रालय - सदस्य

(४) कृष्ण प्रसाद कोइराला, प्रहरी उपरीक्षक, का. उ. अपराध अनुसन्धान कार्यालय - सदस्य

(५) मुकुन्द मरहट्टा, उप-अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग - सदस्य

(६) रोशन खड्का, प्रहरी नायब उपरीक्षक, केन्द्रीय अनुसन्धान ब्यूरो - सदस्य सचिव

कार्यदलले कार्यसम्पादनमा सहजताका लागि एकजना लेखापाल र एकजना प्रहरी वरिष्ठ नायव निरीक्षकको सहयोग लिएको थियो।

### ३.२ कार्यादेश

- मिटरब्याजी समस्या बढी भएका जिल्लाहरूमा स्थलगत भ्रमण गरी समस्याका कारकहरू तथा समाधानका उपायहरू पहिचान गर्ने।
- मिटरब्याजीबाट पीडित र अन्य सरोकारवालाहरूसँग छलफल गर्ने।
- मिटरब्याजी विरुद्ध संघर्ष गरिरहेका मिटरब्याजी पीडितहरूसँग आवश्यकतानुसार वार्ता गर्ने।
- मिटरब्याजी अपराधमा सङ्लग्न व्यक्तिहरूलाई कारवाहीको दायरामा ल्याउन अन्तरनिकाय समन्वय र सहकार्य गर्ने।
- आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायहरूका सम्बन्धमा सिफारिस सहितको प्रतिवेदन पेश गर्ने।

## ४. अध्ययनको सीमा

प्रतिवेदन प्राप्त गर्न एक महिनाको समयावधि कार्यदलले प्राप्त गरेकोमा उक्त अवधिमा धेरै भन्दा धेरै पीडितको आवाज सुन्ने प्रयास गर्दा गर्दै पनि कार्यदलले तुलनात्मक हिसाबले उल्लेख्य उजुरी प्राप्त भएका पहाडी जिल्लाहरू, उपत्यका र पश्चिम नेपालका जिल्लाहरूको स्थलगत अध्ययन गर्न सकेन। त्यसै गरी आरोपित व्यक्तिलाई सम्पर्कमा ल्याई उनीहरूको प्रतिक्रिया लिन सकिएन। मिटरब्याजी समस्या निराकरणका अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गर्दा धेरै देशको अभ्यास यस प्रतिवेदनमा समेट्न सकिएको छैन।

## ५. कार्यदलबाट सम्पादित मुख्यमुख्य क्रियाकलापहरू

कार्यदल गठन भएको एक घण्टाभित्रै नवलपरासी पश्चिमको प्रतापपुर र सुस्ता गाउँपालिकाबाट सङ्गठित भई काठमाडौं माइतिघर मण्डला क्षेत्रमा धर्ना दिँदै आएको "मिटर ब्याज तथा ठगी विरुद्ध किसान मजदुर सङ्घर्ष समिति"सँग जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारी समेतको उपस्थितिमा कार्यदलले वार्ता समेत गरिसकेको छ।

यो समस्या नवलपरासीमा मात्र नभै तराईका अधिकांश जिल्लाहरूमा रहेको गुनासो प्राप्त भएको भएतापनि देशैभरी मिटरब्याजीको जालो फैलिएको हुन सक्ने अवस्थालाई मध्यनजर गरी मिटरब्याज पीडित व्यक्तिहरूबाट त्यस्ता मिटरब्याजीले गरेका अपराध र शोषण विरुद्ध आआफ्नो जिल्लास्थित जिल्ला प्रशासन कार्यालयमा मिति २०७९।०५।०५ भित्र यथासम्भव बढी तथ्य प्रमाण सहित उजुरी दर्ता गर्न कार्यदलले सार्वजनिक सूचना जारी जारी गरेकोमा उक्त मितिसम्म देशभरबाट गरी ११३७ उजुरीहरू जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका थिए। दर्ता भएका उजुरीको विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।

आन्दोलनरतले पक्ष राष्ट्रिय किसान आयोगमा समेत उजुरी दर्ता गरेकोमा आयोगका अध्यक्षसँग कार्यदलका संयोजकबीच आन्दोलनरत पक्षका माग सम्वोधन गर्ने सम्बन्धमा लामो टेलिफोन संवाद समेत भएको थियो। मिति २०७९।०५।०५ सम्म जिल्ला प्रशासन कार्यालयमा दर्ता हुन आएका उजुरीका सम्बन्धमा मिति २०७९।०५।०६ को पत्रमार्फत् उजुरीउपर छानबिन गर्न सबै जिल्ला प्रशासन कार्यालयहरूलाई अनुसूची २ बमोजिमको सामान्य मार्गदर्शन पठाइएको थियो।

सोही विषयमा राष्ट्रिय मानव अधिकार आयोगमा समेत आन्दोलनरत पक्षले उजुरी दर्ता गरेकोमा आयोगको च. नं. १२६ मिति २०७९।०४।३१ को पत्रबाट मिटर ब्याज, दृष्टिबन्धक तथा छिनुवा पासबाट पीडित नवलपरासी जिल्लाका किसान मजदुरहरूले आन्दोलन गरिरहेको र राज्यले संविधान प्रदत्त अधिकार मौलिक हकको कार्यान्वयन गर्न नखोज्दा सुदखोरहरूसँग चर्को ब्याजमा ऋण लिन बाध्य भई मानव अधिकारको हनन भएको भन्ने व्यहोराको उजुरी मानव अधिकार आयोगमा प्राप्त हुन आएकोले सो सम्बन्धम के कसो भएको हो? निजहरूको माग सम्बोधन गराउने सम्बन्धमा के कस्तो प्रयास भइरहेको छ? भन्ने व्यहोराको पत्र प्राप्त भएकोमा कार्यदलले मिति २०७९।०५।७ सम्म भएगरेका क्रियाकलापहरूको जानकारी पठाएको थियो (अनुसूची ३) ।

त्यसै गरी मिति २०७९।०५।०८ देखि १२ गतेसम्म स्थलगत अध्ययन भ्रमण गरी फर्केपश्चात मिति २०७९।०५।१७ गते मिटरब्याजी सम्बन्धी समाचार लेख्ने सञ्चारकर्मीहरूसँग मन्त्रालयकै सभाहलमा छलफल तथा अन्तर्क्रिया गरी सञ्चारकर्मीका अनुभव, धारणा र सुझाव लिने कार्य गरिएको थियो।

# परिच्छेद दुई

# विश्लेषण

## १. उजुरीको अवस्था

कार्यदलले मिटरब्याजी समस्याको गहनता र स्थलगत अध्ययनको लागि आधार निर्धारण गर्न मिटरब्याज पीडितहरूलाई सम्बन्धित स्थानीय प्रशासन (जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालय) मा मिटरब्याजी विरुद्ध मिति २०७९ भाद्र ५ गतेभित्र उजुरी दर्ता गर्न सार्वजनिक सूचना जारी गरेकोमा विभिन्न जिल्लाबाट गरी जम्मा १९३७ उजुरी दर्ता भएको विवरण प्राप्त भएको थियो। दर्ता भएका उजुरीमध्ये प्रदेश नं १ मा ९२ (५%), मधेश प्रदेशमा १३३० (६९%), वाग्मती प्रदेशमा २०२ (१०%), गण्डकी प्रदेशमा ३५ (२%), लुम्बिनी प्रदेशमा २११ (११%), कर्णाली प्रदेशमा २२ (१%), र सुदूरपश्चिम प्रदेशमा ४५ (२%) रहेका थिए। प्रदेश नं १ मा ताप्लेजुङ्, पाँचथर, इलाम, सँखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सोलुखुम्बु, खोटाङ् र ओखलढुङ्गाका कुनै उजुरी दर्ता भएनन् भने उदयपुरमा १, झापामा २१, मोरङमा ३७ र सुनसरीमा २१ वटा उजुरी दर्ता भएको विवरण प्राप्त भयो। यसरी उक्त प्रदेशको मुख्यतः तराईका जिल्लाहरूमा मात्र मिटरब्याजी विरुद्धका उजुरी प्राप्त भए। जम्मा १४ जिल्लामध्ये १० जिल्लामा उजुरीको संख्या शून्य रह्यो।

मधेश प्रदेशका सबै जिल्लामा मिटरब्याजी विरुद्ध उजुरी दर्ता भए। उक्त प्रदेशका जिल्लाहरूमध्ये सर्लाहीमा ४२७ सिरहामा २८९, महोत्तरीमा १९१, धनुषामा १४०, सप्तरीमा ११४, पर्सा ८३, बारामा ४५ र रौतहटमा ४१ वटा उजुरी दर्ता भए। देशभरका उजुरीको २२% त सर्लाहीमा मात्र दर्ता भए।

वाग्मती प्रदेशका १३ जिल्लामध्ये रसुवा, नुवाकोट, रामेछाप र सिन्धुपाल्चोकमा कुनै उजुरी दर्ता भएनन्। दर्ता भएका कूल उजुरीमध्ये काठमाडौंमा १४१, काभ्रेपलाञ्चोकमा १८, चितवनमा १६, मकवानपुरमा ९, ललितपुर र भक्तपुरमा ६/६ तथा दोलखा सिन्धुली र धादिङमा २/२ वटा उजुरी दर्ता भए।


गण्डकी प्रदेशका ११ जिल्लामध्ये ६ जिल्लामा (मुस्ताङ्, मनाङ्, लमजुङ्, वाग्लुङ्, गोरखा र नवलपरासी (ब. सु. पू.) कुनै उजुरी दर्ता भएनन्। दर्ता भएका ३५ उजुरीमध्ये कास्कीमा २४, तनहूँमा ५, पर्वतमा ३, म्याग्दीमा २ र स्याङ्जामा एउटा उजुरी दर्ता भएको विवरण प्राप्त भयो।

लुम्बिनी प्रदेशका गुल्मी, पाल्पा, प्यूठान, रोल्पा र पूर्वी रुकुममा कुनै उजुरी दर्ता भएनन् भने दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) -१०२ र अन्यमा क्रमशः दाङ -४८, रूपन्देही-२९, बाँके -१५, कपिलबस्तु र बर्दियामा समान -८/८, तथा अर्घाखाँचीमा एउटा उजुरी दर्ता भएको जानकारी प्राप्त भयो।

त्यसैगरी कर्णाली प्रदेशका सल्यान र सुर्खेत जिल्लामा ११/११ उजुरी दर्ता भए भने बाँकी कुनै पनि जिल्लामा मिटरब्याजी विरुद्धका उजुरी दर्ता भएनन् भने सुदूर पश्चिम प्रदेशका कैलालीमा ४३ र कञ्चनपुरमा २ उजुरी बाहेक अन्य कुनै जिल्लामा मिटरब्याजी विरुद्धका उजुरी दर्ता भएनन्।

प्रदेशगत हिसाबले उजुरी दर्ताको अवस्थालाई तलको पाइचार्टमा देखाइएको छः

मिटरब्याजी विरुद्ध उजुरी संख्या (२०७९।०४।२८ देखि २०७९।५।५ सम्म)




भौगोलिक हिसाबले कूल उजुरीको ८६.५ प्रतिशत (जम्मा १६७६) तराई तथा भित्री मधेशमा, पहाडी जिल्लाहरूमा १३.४ (जम्मा २५९) र हिमाली जिल्लामा ०.१ (जम्मा २) प्रतिशत मिटरब्याजी विरुद्धका उजुरी प्राप्त भए। यस हिसाबले यो समस्या मूलतः तराईका गरिब तथा अशिक्षित वर्गमा बढी देखिन आयो।

यसरी प्राप्त उजुरीहरूउपर स्थानीय प्रशासनले छानबिन तथा कारबाही गरी उजुरीको किनारा गर्न सकिनेमा सो समेत गरी कार्यदललाई जानकारी पठाउन मिति २०७९।०५।०६ को पत्रबाट सबै जिल्ला प्रशासन कार्यालयहरूलाई सामान्य मार्गनिर्देशन सहित पत्राचार गरिएकोमा मिति २०७९।०५।२१ सम्म जम्मा ५५ वटा उजुरीमा छानबिन गरी फरफारक गरिसकेकोको जानकारी कार्यदललाई प्राप्त भएको छ। सो को विवरण अनुसूची नं १ मा प्रस्तुत गरिएको छ।

## २. स्थलगत अध्ययनबाट प्राप्त जानकारी

कार्यदलले मिति २०७९ भाद्र ८ देखि ऐ. १२ गतेसम्म लुम्बिनी प्रदेशको नवलपरासी (ब.सु.प.), मधेश प्रदेशका सर्लाही, महोत्तरी, धनुषा, सप्तरी र सिरहा तथा प्रदेश नं १ को मोरङ गरी ७ वटा जिल्लामा पुगी पीडितहरू, स्थानीय जनप्रतिनिधिहरू, बैङ्क, वित्तीय संस्था तथा सहकारीका प्रतिनिधिहरू, सञ्चारकर्मी र स्थानीय प्रशासनसँग छलफल तथा अन्तर्क्रिया गरेको थियो। सो क्रममा कार्यदलका सदस्यहरूबाट जम्मा ९७ जना उजुरीकर्ताका समस्या व्यक्तिगत रूपमै सुन्ने र उनीहरूसँग अन्तर्क्रिया गर्ने कार्य गरिएको थियो (अनुसूची ४ ) भने सबै जिल्लामा बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मी स्थानीय प्रशासनका प्रतिनिधिहरूको सघन उपस्थिति र सक्रिय सहभागिता रहेको थियो। अन्तर्क्रियामा उपस्थित व्यक्तिहरूको विवरण अनुसूची ५ मा संलग्न छ भने अन्तर्क्रियाका क्रममा लिइएका केही तस्वीरहरू अनुसूची ६ मा राखिएको छ।

प्राप्त उजुरीहरूको विश्लेषण गर्दा एउटै व्यक्तिका विरुद्ध ४ वा सो भन्दा बढी उजुरी परेका आरोपितहरूको संख्या ३३ रहेको पाइयो भने एकै व्यक्तिले २३ जना विरुद्ध मिटरब्याजीको उजुरी दर्ता गरेको पनि देखिन आयो।

अन्तर्क्रियाको क्रममा विभिन्न सरोकारवाला पक्षहरूबाट प्राप्त प्रतिक्रिया यस प्रकार रह्योः

### २.१ जनप्रतिनिधिहरू

कोही विगतमा जग्गा बेच्ने र अहिले मिटरब्याजी हो भन्ने पनि गरेका छन्। विगतमा अन्य लेनदेनले जग्गा रजिष्ट्रेषन पास गरिदिएका ब्यक्तिहरूले पनि मिटरब्याजमा धनीले जग्गा लिएको भनी दिएको निवेदन उपर जनप्रतिनिधिले कसरी मूल्याङ्कन गर्ने भन्ने समस्या रहेको छ। मिटरब्याजी सम्बन्धमा आफ्ना माग राख्दै आएका काठमाडौं केन्द्रित आन्दोलनकारीहरूले समस्या समाधानका लागि पालिका वा स्थानीय प्रशासनमा कुनै समन्वय/ सम्पर्क राखेको देखिदैन। आन्दोलनको नेतृत्व गर्नेको पनि पृष्ठभूमि हेरियोस् । वास्तविक मिटरब्याजी पिडितहरूको नामावली संकलन होस । मिटरब्याजीको पनि दलाल हुन्छ। लिने र दिने बीचको वास्तविक लेनदेन भन्दा बढी रकमको कागज बन्ने गरेको छ र यस्तो कागज अदालतले हेर्ने हो। ऋणीहरू कौडीको मूल्यमा सम्पत्ति लिलामीमा परेर घरबारविहीन अवस्थामा पुगेको देखिन्छ। एनजिओका ब्यक्तिहरूले पीडितलाई न्यायिक निकायमा जान रोक्ने गरेका छन्। नवलपरासी स्थित नेपाल-भारत सिमा क्षेत्रका जनताहरूले फर्म दर्ता गरी बैंकमा ऋण निवेदन गर्दा जग्गा भारतमा देखाएको भन्दै ऋण स्वीकृत गर्दैन। के नेपाल सरकारले उक्त क्षेत्र भारतको हो भनी स्वीकारेको हो? त्यो क्षेत्रमा बैंकले कर्जा लगानी गर भनी सरकारले किन प्रेरित गर्दैन ? मिटरब्याजमा १० गुणासम्म बढायर कागज गर्ने, ऋणीबाट जग्गा पनि लिने, धनीले ऋणीबाट लिएको रकमको भर्पाई नदिने, ऋणीले ऋण नतिरेकोमा मुद्दा हाल्ने प्रवृति रही आएको छ। बैंकमा रकम राख्दा स्रोत खुलाउनुपर्ने, रू. १० करोड लगानी साहुले गर्दा स्रोत नचाहिने ? सहकारी पनि नियममा चलेनन्। बाटो नभएको जग्गाबाट वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न सक्नेहरू सोही जग्गा मिटरब्याजीमा ऋण लगानी गर्दछन्। वित्तिय संस्थाबाट ऋण प्राप्त गर्नेहरू पनि ती

संस्थाहरूको चक्रवृद्धि ब्याजको मारमा परेका छन् । बैंकबाट संस्थागत कर्जा सजिलै नपाइनु पनि समस्या रही आएको छ । बैंकले पनि आफ्नो एजेन्ट राखेर कमिशन लिई रकम लगानी गरेको देखिएको छ। गाउँघरमा हुने घरसारको कागज र लेनदेन स्थानीय स्तरमै स्थानीय प्रशासनको रोहबरमा दुई पक्ष बीचको छलफल र अन्तर्क्रियाबाट मिलाउनु पर्छ। एउटालाई न्याय दिँदा अर्कोलाई अन्याय नहोस् । मिटरब्याजीका नाममा अनेक मुद्दा चलाएर निर्दोषलाई दुःख दिनु झन ठुलो गल्ती हो । मिटरब्याजीका वास्तविक पीडित पहिचान गर्न सबै राजनितिक दलका नेताले सहयोग गर्नुपर्छ र पालिकाले प्रयत्न गर्नुपर्छ । मिटरब्याजी समस्या समाधानमा पालिकाको समन्वयकारी भूमिका रहने छ ।

सहकारी संस्थाहरू पनि पारिवारिक हुँदै गए। नगदेवालीमा उखू १५ महिना, केरा १७ महिनामा तयार हुन्छ तर ब्याज तीनतीन महिनामा तिर्नुपर्ने? ती बालीहरूमा गरेको लगानी उठाउन लामो समय लाग्ने नै हुन्छ । बैङ्क तथा वित्तीय संस्थाले उक्त पक्षलाई ध्यान दिनु पर्‍यो। सबै उजुरीकर्ता मिटरब्याजी पीडित होइनन् ।

देवानी संहिताले १०% माथि ब्याज लिन नपाउने ब्यबस्था गरेको भएतापनि बैंकले २४% सम्म लिने गरेको हुँदा तिनीहरूलाई पनि किन मिटरब्याजी नभन्ने?

## २.२ बैंक तथा वित्तीय संस्था तथा सहकारीहरू

लघुवित्तमा बिना धितो लिएको ऋण अनावश्यक कुरामा खर्च गरेर ऋण तिर्न नसक्ने अवस्था सिर्जना भएको पनि छ। मानिसलाई वचत गर्न सिकाउनु आवश्यक छ । ऋण लगानी गर्दा धितो लिने जग्गाको म्याप समेत पठाइन्छ। केन्द्रले गुगल म्यापमा नेपाल नदेखेको अवस्थामा लगानीको स्वीकृति दिदैन । मूल्याङ्कनकर्ता सिमाक्षेत्रको जग्गा मूल्याङ्कन गर्न अनिच्छुक हुने गर्दछ । उत्पादनको बजार र मुल्य सुनिश्चित गर्न पाए जनता मिटरब्याजीको दुष्चक्रमा पर्ने थिएनन्। कृषि कार्यका लागि मात्र ऋण दिन मिल्ने तर अन्य प्रयोजनका लागि माग भएकोले दिन सकिएको छैन । ऋण प्रवाह १०-१५ दिन भित्र गर्न सकिन्छ तर ऋणीलाई तत्कालै पैसा चाहिने अवस्थामा साहुकारकोमा जान बाध्य हुन्छन् । C-D Ratio Saturation (९०%) मा पुगेको हुनाले बैङ्कमा ऋणयोग्य लगानी रकमको पनि अभाव छ । वित्तिय संस्थालाई निक्षेपकर्ताको निक्षेपको संरक्षण गर्नुपर्ने दायित्व त छ नै । भ्रष्ट नेता कर्मचारीको लगानी मिटरब्याजी मार्फत् समेत हुने गरेको छ। बचतका आधारमा लागानी हुने गरेकोले कृषि र ब्यापारमा कर्जा दिने गरिएको छ । बचतको ८०% कर्जा लगानी गर्ने गरेको छ । मिटरब्याजको कारण बैंकले भन्न सक्दैन । पैसाको आवश्यकता (बिहेबारी आदि) बैंक मार्फत मात्र कारोबार गर्नुपर्‍यो । सम्पत्ति शुद्धिकरण विभागको भूमिका कमजोर भयो । सहज कर्जा दिन निक्षेपकर्ताको बचतको सुरक्षा पनि हेर्नुपर्छ । पालिका जमानी बस्छ भने दिन सकिएला कि? कृषि कर्जाको दुरुपयोग, वडाले एउटै परिवारका अलगअलग सदस्यलाई सिफारिस गर्ने गरेको । कोभिडले आयका स्रोत घटाई दियो जसले गर्दा बैंकिङ् सेक्टर समेत अप्ठ्यारोमा पर्‍यो । जग्गा कित्ताकाट नभएको कारण पनि साहुकोमा जानु परेको अवस्था छ । दहेज प्रथाले खर्चको आवश्यकता बढायो । सहकारीमा आउने किसान नै

कम छन्। सदस्यलाई मात्र ऋण दिने गरेकोले धेरैजसो मिटरब्याज पीडितहरू वित्तीय संस्थाबाट बाहिरै परे। किसानले जुनसुकै शर्तमा पैसा लिने गरेका छन्। वडा कार्यालयले कागज प्रमाणित गर्दा १० लाख लिएकोमा ३० लाखको कागज किन कसरी प्रमाणित गरेका हुन्? कोही जमानी बस्ने र यथार्थ कारोबारको तमसुक बनाउने ब्यबस्था गर्नुपर्‍यो। सहकारीभित्र पनि बदमाशी छ। कतिपय पत्रकार नै मिटरब्याजी रहेका छन्। बैंक वित्तीय संस्थामा लागानी गर्ने पैसा छैन। थुप्रै सहकारी दर्ता नै नभई काम गरेका छन् जसको नियमन र कारवाही हुन सकेको छैन। बैंकले ऋण चुकाउने आधार पेश नगर्दासम्म ऋण दिँदैन। बैंकमा आउदा बिचौलिया लिएर आउने, ऋणको केही अंश उसैले लैजाने गरेको देखिन्छ।

### २.३ संचार माध्यम

धनीबाट रू एक लाख लिई रू. ३० लाख तिरें भन्नेले कहाँबाट कसरी तिरेको भन्ने पनि देखिदैन। बैंकहरूले सहज रूपमा कर्जा नदिने भएकोले मिटरब्याजी धन्दा फस्टाएको हो। मिटरब्याजी पीडितहरूलाई उजुरी दिने वित्तिकै मिनाहा हुन्छ भन्ने भ्रम पनि छ। लेनदेनमा दृष्टिवन्धक तमसुक गर्दा पीडित झन पीडित हुने, छिनुवा पास दिने बाध्यता हुने हुन्छ। बैंकले प्रत्येक महिना ब्याज माग्दछ तर किसानको आम्दानी वर्षमा १ पटक हुन्छ। गरिब, अशिक्षित महिलाहरू, वैदेशिक रोजगारमा जानेहरू नै मिटरब्याजको समस्यामा परेका छन्। रू १ लाख लेनदेन गरेर रकमको रू ७/८ लाखको तमसुकमा जनाउने, वास्तविक लिएको रकम दिँदा फर्ता तमसुक वा जग्गा फिर्ता दिनु पर्नेमा नदिई अदालतमा मुद्दा हाल्ने प्रवृति छ। अदालतको फैसलालाई कहाँ गएर उजूरी गर्ने? गाउँघरका महिला बढी समस्यामा छन्। रु. १ लाख लिएर ९ लाखको कागज गर्ने (वैदेशिक रोजगार प्रयोजन) गरेको र महिलाहरूलाई अनैतिक सम्बन्ध राख्न दबाव दिएको पनि देखिन्छ। मिटरब्याजी कागज गराउनेलाई पनि कारबाहीको दायरामा ल्याउनु पर्छ। ठुलाठुला कारोबारीलाई पनि कारबाहीको दायरामा ल्याउनु पर्छ। कानुनी रूपले आपराधिक केशहरू राजनितिक प्रतिबद्धताले मात्र समाधान हुदैन। एउटा कानुनको दफा परिवर्तन वा संसोधन गर्दा धेरै कानुनी दफाहरू संसोधन गर्नुपर्ने कुराहरूमा कार्यदलले ध्यान पुर्‍याउनु पर्छ। व्यक्तिको सम्पत्तिको हक समेत भएकोले पीडकको पनि कुरा सुनेर समस्याको विश्लेषण गर्नुपर्ने हुन्छ। साहुकार र पीडितबिच राज्यको निकायले आवश्यकता अनुसार मध्यस्थकर्ताको रूपमा बसेर समाधान निकाल्दा प्रभावकारी हुन्छ। वित्तीय संस्थाले गरिब किसानलाई प्रवाह गर्ने ऋणमा थप लचकता र उदारता अपनाउनुपर्ने देखिन्छ। मिटरब्याजमा संलग्नको पृष्ठभूमि अध्ययन गरी कारबाहीको दायरामा ल्याउनुपर्ने आवश्यकता छ। नागरिकता वा शैक्षिक प्रमाण-पत्र धितो राखी अत्यावश्यक ऋण प्रवाहको ब्यवस्था गर्नुपर्ने र सो कार्यको लागि स्थानीय निकायमा राहत कोषको ब्यवस्था हुनु राम्रो हुन्छ। बिद्यमान कानुनी प्रावधान अनुसार पीडित थप पीडित बन्न सक्ने सम्भावना अधिक रहेकोले मिटरब्याज समस्या समाधानको लागि राजनैतिक प्रतिवद्धता समेत आवश्यक पर्छ। न्याय निरूपणमा तत्थ्यलाई टेकेर गरिने कानुनी निर्णय र कारबाहीले अपराध नियन्त्रणमा प्रत्यक्ष प्रभाव देखिने कुरा न्यायालय समेतले मनन गर्नुपर्ने हुन्छ। मिटरब्याजको जालो केलाई कारबाही गर्नुपर्ने देखिन्छ। ऋण Swap गर्ने नीतिमा राष्ट्र बैंकले सहजता

र लचकता अपनाउनु पर्ने देखिन्छ। बैंकले नै ऋणको लागि साहु खडा गरी ऋणको लागि ब्यवस्था मिलाउने कार्य समेत गर्ने गरेकोले उक्त कार्य तुरुन्त बन्द गरिनुपर्छ । मिटरब्याज सम्बन्धी अन्तराष्ट्रिय चलन र कानुनको समेत अध्ययन गरी विश्लेषण गर्दै नेपालमा के कानुनी ब्यबस्था गर्दा उपयुक्त हुन्छ भन्ने निक्यौंल गर्नुपर्छ।

कार्यदलको गठन अघिदेखि नै र कार्यदलले कार्यभार वहन गरिरहेको समयावधिमा समेत धेरै सञ्चार माध्यमले मिटरब्याजी समस्याबारे सूचना र समाचार सम्प्रेण गरिरहे। पीडितहरूसँग अन्तर्वार्ता लिने, काठमाडौंमा आन्दोलनरत पक्षका गतिविधिबारे रिपोर्टिङ् गर्ने तथा कार्यदलको गतिविधिबारे निरन्तर सर्वसाधारणलाई सुसूचित गर्ने कार्य भई नै रह्यो। कतिपय जिल्लामा उजुरी दर्ता गर्ने बारेको जानकारी गाउँगाउँसम्म पुर्‍याउन स्थानीय सञ्चार माध्यम र जनप्रतिनिधिसमेत परिचालन गरेको पाइयो। यस सम्बन्धमा अनुसूची ७ बमोजिमका सञ्चार माध्यमबाट सम्प्रेषित समाचारहरूबारे समेत कार्यदलले अध्ययन गरेको छ।

## २.४ स्थानीय प्रशासन

गाउँघरमा हुने आर्थिक लेनदेन विवादमा आउने गरेका छन् । वडा कार्यालयमा दर्ता गर्ने लेनदेन सम्बन्धी कागजात प्रमाणित गर्ने क्रममा ऋण लिनेले नै साहुले भनेकै कुरा सही हो भनी अनुरोध गर्ने गरेका छन्। उपचार गर्ने, विदेश जाने, छोरीको बिहे गरिदिने, छोराछोरी पढाउने आदि भनेर ऋण लिएको देखिन्छ। गुगल म्यापमा सुस्ताको वडा नं. ३ र ४ तथा प्रतापपुर वडा नं. ८ लाई भारतमा देखाएको भन्दै सो क्षेत्रमा बैंकले लगानी गरेको छैन। छिनुवापास नै रजिष्ट्रेशन पास हो। छिनुवा राजिनामा पासमा १० लाख रूपैंया भन्दा बढीको थैली छ भने मात्र बैंकबाट कारोबार गरेको प्रमाण खोजिने गरिन्छ त्यसैले थैली रु. १० लाख रूपैंया भन्दा कम राख्ने चलन हुन्छ। कागजात पुगेर आएपछि जग्गा पास हुन्छ। ब्यक्तिगत दृष्टिवन्धकलाई निरुत्साहित गर्नुपर्छ कि? जुनसुकै परिणामको जग्गा खरिद बिक्रीमा भुक्तानीको प्रमाण खोज्ने हो कि? अड्डाको रोहबरमा मात्र लिखत गर्ने कि? अहिलेको कारोबारको कागज देवानी संहिता जारी हुनु भन्दा अगाडिको मिति राखी गर्ने गरेको पनि देखिएको छ। लेनदेन विवादमा पक्ष-विपक्षलाई बोलाएर छलफल गराउने कि भन्ने छ। उजुरीहरू उपर पीडित-धनी बीच छलफल गराई दुई पक्ष बिचको समस्या सामधान गर्ने र छलफल हुन नसकेको उजुरीहरूमा जिल्ला सरकारी वकिल कार्यालय वा कानुनविद्को राय बमोजिम कानुन बमोजिम गर्ने कार्यशैली अपनाएका छौं। अदालतमा प्रवेश भएको बिषयवस्तुमा काम कारबाही गर्नलाई समस्या छ। पढेलेखेको मानिस समेतले जुनसुकै कागजातमा नहेरी हस्ताक्षर गरेको दावी गर्दछन्। बैंकले ऋण नदिंदा मिटरब्याजीको शरणमा जानु परेको यथार्थता पनि छ। बैंकले मिटरब्याजीलाई कमिशनमा लगानी गर्ने, सर्वसाधारणलाई नदिने देखिएको छ। सुकुम्बासीले सम्पत्ति धितो राखेर ऋण लिनुपर्दछ नै, सो बाहेकको विकल्प सरकारले प्रस्तुत गरोस्।

## २.५ कानून व्यवसायी

कानुनले गर्न नहुने भनेको काम (अपराध) हुनलाई "काम" र "मनसाय" हुनुपर्छ। हालको बिद्यमान कानुनले अपराध मनसाय भएमा "उद्योग गर्ने"लाई पनि अपराध मानेको छ, पुरा अपराध गरेमा हुने सजायको आधा सजाय कसुरदारलाई हुने व्यवस्था गरेको छ। दुई ब्यक्तिबीचको लेनदेन भन्दा फरक मिटरब्याजमा धनीको मनसाय ऋणीबाट नाजायज वा कानुनले बन्देज गरेको आर्थिक लाभ लिने नै हो। "मिटरब्याज" कानुनमा उल्लेख नभएकोले मिटरब्याजी अपराधलाई नियन्त्रण गर्न र भविष्यमा त्यस्ता अपराध हुन नदिन नयाँ कानुनी ब्यवस्था गर्नुपर्ने देखिन्छ। फौजदारी अपराध संहिता २०७४ को अनुसूची १ मा पर्ने मुद्दाहरू प्रहरीबाट अनुसन्धान गरिएको छन्। मिटरब्याजी अपराधको अनुसन्धान गर्न कानुनी ब्यवस्था निर्माण गरी सो अपराधलाई सोही अनुसूचीमा समावेश गर्न सकिन्छ। कानुन बमोजिम ऋणीबाट धनीमा हक हस्तान्तरण भएको सम्पत्ति पुन: ऋणीमा फिर्ता गर्न सकिदैन। लेनदेनका कागजातहरू, बैंक चेकहरू र जग्गा रजिष्ट्रेषन जस्ता कागजातहरू प्रमाणिकरण गर्दा कागज गरिदिने ब्यक्तिमा सचेतना हुन जरूरी छ।

## २.६ ऋणीहरूले मिटरब्याजीसँग ऋण लिने प्रयोजन

अन्तर्क्रियाको क्रममा सरोकारवालासँग भएको छलफल पश्चात ऋणीले मिटरब्याजीबाट ऋण लिनुपर्ने निम्न कारणहरू देखिए:

क) वैदेशिक रोजगारीमा जानको लागि लाग्ने खर्च व्यवस्थापन गर्न,

ख) बिरामी हुँदा उपचार गर्न,

ग) छोरा छोरीको विवाह, ब्रतबन्ध, किरियाखर्च, चाडवाड खर्च लगायत सामाजिक संस्कारको कार्य गर्न,

घ) छोरा छोरीहरूको पढाईको खर्च तिर्न,

ङ) दैनिक घर खर्च चलाउन,

च) जग्गा जमिन किन्न, व्यापार व्यवसाय गर्न, खेतीको लागि आवश्यक मल बिऊ किन्न,

छ) बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको ऋणको सावाँ ब्याज भुक्तानी गर्न,

ज) व्यवसाय गर्न,

झ) घर बनाउन,

ञ) प्रशासनिक खर्च (मुद्दा, उजुरी), आदि।

## २.७ श्रमिक तथा गरिब किसानहरूले बैंक तथा वित्तीय संस्थासम्म कमजोर पहुँचका कारणहरू

हिमालखबरमा १३ भदौ २०७९ मा प्रकाशित लेख[1] एवं नेपालमा वित्तीय पहुँच सम्बन्धी आलेखहरूको अध्ययन गर्दा गरिबहरूको बैङ्क तथा वित्तीय संस्थाहरूसम्मको कमजोर पहुँचका पछाडि देहायबमोजिमका विभिन्न कारणहरू देखिएका छन् -

- ☞ नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ ले राष्ट्र बैंकको अनुमतिविना निक्षेप लिन तथा कर्जा प्रवाह गर्न निषेध गरेको भएपनि विपन्न किसान घरपरिवारका लागि वित्तीय पहुँच सहज र सरल नहुँदा नै साहुकार अर्थात चर्को मिटरव्याजीकोमा नै पुग्नु पर्ने बाध्यता सिर्जना भएको देखिन्छ।
- ☞ नेपाल जीवनस्तर सर्वेक्षण (Nepal Living Standards Survey, 1995-96) अनुसार आर्थिक वर्ष २०६६/६७ मा व्यवहार चलाउन ऋण लिएका ६५ प्रतिशत घरपरिवारमध्ये करिव २० प्रतिशतले मात्र बैंक तथा वित्तीय संस्थाबाट ऋण पाएको र बाँकीले छरछिमेक, आफन्त, स्थानीय साहुकार आदिबाट ऋण लिएको उल्लेख छ।
- ☞ The World Bank को Global Findex Database, 2021 ले नेपालमा सन् २०२१ मा औपचारिक बैंक तथा वित्तीय प्रणालीबाट ऋण प्राप्त गर्नेको संख्या १४ प्रतिशत मात्र रहेको देखाएको छ।
- ☞ The Asia Foundation सहितका संस्थाले गरेको नेपाली जनमत सर्वेक्षण, २०१८ ले झण्डै आधा नेपाली घरपरिवार (४७ प्रतिशत) ऋणमा परेको देखाएको छ। एक वर्षको बीचमा ऋण लिएका मध्ये एक चौथाई (२५.३ प्रतिशत) ले महँगो ब्याजदर तिर्ने गरी (सयकडा ३ अर्थात ३६ प्रतिशत) साहुकारसँग ऋण लिएको तथ्य अध्ययनले सार्वजनिक गरेको थियो। उक्त अध्ययनले बैंक तथा वित्तीय संस्थाबाट ऋण पाउनेहरूको संख्या २०.४ प्रतिशतमात्र देखाएको थियो। यसले ऋण चाहिने बहुसंख्यक सर्वसाधारणले साहुकार, छर छिमेक नातागोताबाटै सरसापटी लिएर काम चलाउनुपरेको देखाउँछ। यसरी बैङ्क तथा वित्तीय संस्थाहरूको गाउँगाउँमा उपस्थितिले मात्र वित्तीय पहुँच सुनिश्चित गरेको मान्न सकिने अवस्था रहँदैन।
- ☞ नेपाल राष्ट्र बैंकको पछिल्लो प्रतिवेदन अनुसार वित्तीय पहुँच विस्तारका लागि गाउँ गाउँमा विस्तार भएका बैंक तथा वित्तीय संस्थाको उपस्थिति देशभरका ७५३ स्थानीय तहमध्ये ७५२ मा वाणिज्य बैंकका शाखा विस्तार भएको उल्लेख छ। बैंक तथा वित्तीय संस्थाका ११ हजार ५२८ शाखा देशभर वित्तीय सेवा प्रवाह गर्न स्थापित भए तापनि तराईका अधिकांश स्थानकै तथ्याङ्क हेर्दा पनि ऋणको लागि साहुकारकहाँ जानुपर्ने अवस्था अन्त्य हुन सकेको देखिँदैन।

---

[1] वित्तीय पहुँच नहुँदा विपन्न माथि साहुकारको मनोमानी https://www.himalkhabar.com/news/131934 https://www.himalkhabar.com/news/131934

☞ बैङ्कहरूले अधिकांश पालिकामा शाखा विस्तार गरे तापनि सबै शाखाहरूमा ऋण पाउनेको पहुँच बढेको देखिँदैन। राष्ट्र बैंकको तथ्याङ्कले बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गर्ने चार करोड ५० लाख निक्षेप खाता खुलेको देखाउछ । राष्ट्र बैंककै फाइनान्सियल इन्क्लुजन पोर्टलकानुसार गएको चैतसम्म बैंक तथा वित्तीय संस्थामा सक्रिय निक्षेप खाता भएका नागरिकको संख्या ४४ प्रतिशत मात्र छ। प्रतिष्पर्धामा सून्य बचतमा खोलेका बहुसंख्यक खाता सञ्चालनमा छैनन्। खोलिएका खाताहरूमध्ये पनि आधाभन्दा कमै मात्र सक्रिय छन्। एकै व्यक्तिका कैयौ सक्रिय निक्षेप खाता हुन्छन् । यसको अर्थ आधाभन्दा बढी नागरिकसम्म वास्तविक वित्तीय पहुँच पुगेकै छैन भन्न सकिन्छ।

☞ बैंक तथा वित्तीय संस्थाले ऋण सम्बन्धी २०७९ जेठ महिनासम्म रु. ४६ खर्व ४३ अर्व ऋणमध्ये रु.२६ खर्व ८४ अर्व (करिव ५८ प्रतिशत) महानगरहरुमा मात्रै सीमित छ । उपमहानगरपालिकाहरूमा ११ प्रतिशत र नगरपालिकाहरुमा २७.७ प्रतिशत ऋण प्रवाह भएकोछ। यसरी शहर नगरमा मात्रै कुल वित्तीय स्रोतको ९७ प्रतिशत लगानी। एक तिहाई जनसंख्या बसोबास गर्ने गाउपालिकाहरुमा बैंक तथा वित्तीय संस्थाको कूल कर्जाको करीव ३.३ प्रतिशतमात्र प्रवाह भएको देखिँदा बैङ्क तथा वित्तीय संस्थासम्म आम नागरिकको पहुँच नपुगेको स्पष्ट देखिन्छ।

स्थलगत अध्ययन र स्थानीय नागरिक/पीडितको भनाइ अनुसार देहायका कारणले गर्दा बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन सर्वसाधारण आकर्षित हुन नसकेको देखिन्छः

क) लामो र थुप्रै कागजात जुटाउन पर्ने झन्झटिलो बैकिङ प्रकृया,
ख) जग्गाको कित्ताकाट रोकी बिक्री गर्न समस्या भएको,
ग) भारतीय सीमा नजिक र बाटो नभएको स्थानमा ऋण प्रवाह नहुने,
घ) बैंकले मासिक आम्दानीको स्रोत खोज्ने र मासिक रूपमा साँवा तथा ब्याजको किस्ता तिर्नु पर्ने तर किसानको मासिक आम्दानी नहुने,
ङ) लगानी, प्रतिफल तथा भुक्तानी योजना पेश गर्नु पर्ने,
च) घरायसी कार्यको लागि बैंक तथा वित्तीय संस्थाले ऋण नदिने, आदि।

## २.८ साहु महाजनसँग ऋण लिने प्रकृया

क) जग्गा जमिन वा जायजेथा दृष्टिबन्धक गरी साहुलाई दिने,
ख) ऋण तिरिसकेपछि फिर्ता गर्ने मौखिक शर्तमा राजिनामा पास अर्थात् छिनुवा पास गरी साहुलाई दिने,
ग) वास्तविक कर्जाभन्दा कम्तीमा २ गुणा देखि ७ गुणासम्म रकम बृद्धि गरी तमसुक समेत बनाउने,

घ) ऋण दिँदा नै निश्चित समयको ब्याज अग्रिम कट्टी गरी लिने,

ङ) तिर्ने म्यादको मिति राखी तमसुकमा लेखिएको वास्तविक ऋणभन्दा धेरै गुणा बढी रकमको चेकमा ऋणीको हस्ताक्षर गराई साहुले लिने,

च) ऋणीले तिरेको रकमको साहुले आफ्नै बहीखातामा मात्र टिपोट राख्ने वा ऋणीलाई निजले भुक्तान गरेको रकमको प्रमाण नदिने,

छ) मिटरब्याजको अवस्थामा ब्याजको पनि ब्याज र त्यसको पनि ब्याज गणना गर्दै हिसाब गर्ने, आदि।

## २.९ उजुरी गर्दा पनि ऋणी पक्ष कमजोर हुने कारणहरू

क) अदालतको फैसला बमोजिम भएका निर्णयहरूले जग्गा पास भएकोमा स्थानीय प्रशासनले हस्तक्षेप गर्न नमिल्ने,

ख) कानूनी रित पुरा गरी राजिनामा पास गरिदिएका जग्गाहरूको फिर्ता प्रकृया निकै जटिल हुने,


ग) अदालतका बिचाराधीन मुद्दाहरूमा स्थानीय प्रशासनले हस्तक्षेप गर्न नमिल्ने,

घ) ऋण लिए बापत चेक दिएका र चेक भुक्तानी नभएको अर्थात् चेक बाउन्सका मुद्दाहरू,

ङ) लिएको ऋण भन्दा धेरै रकम भुक्तानी गरेको तर तमसुक नच्यातिएका मुद्दाहरू, आदि।

## २.१० मिटरब्याजीको दुष्चक्र (vicious cycle of loan shark)

माथि उल्लिखित विभिन्न पक्षसँगको अन्तर्क्रिया र स्थलगत अध्ययनबाट गरिब किसानहरू कसरी मिटरब्याजीको दुष्चक्रमा निरन्तर परिरहन्छन् भन्ने कुरा स्पष्ट हुन्छ। सङ्क्षेपमा यसलाई तलको चित्रबाट बुझ्न सकिन्छ।




## ३. मिटरब्याजी विरुद्धको कारवाहीका अन्तर्राष्ट्रिय अभ्यासहरू

बेलायतको nidirect Government Services संस्थाले मिटरब्याजीहरूलाई वित्तीय कारोवार गर्न अनुमति नलिई अति उच्चदरमा ऋण प्रवाह गर्ने, कीर्ते कागज खडा गर्ने र ऋण तिर्न नसक्नेहरूलाई धम्की वा हिंसाको माध्यमबाट आतङ्कित वा भयभीत पारी ऋणको धेरै गुणा रकम

असूल गर्ने व्यक्तिहरूलाई मिटरब्याजी (loan shark[2]) भनेर परिभाषित गरेको छ। उनीहरूले सामान्यतया कम आय भएका र अप्ठेरोमा परेको व्यक्तिहरूलाई निशाना बनाउँछन्। आफूले भने बमोजिमको रकम ऋणीले नतिरेमा मुद्दा चलाउने वा जेल हाल्ने धम्की दिन्छन्।

वित्तीय कारोवार गर्ने अनुमतिपत्र नपाएका व्यक्तिहरूसँगको कारोबारमा कानूनी आधार रहँदैन। त्यस्तो कार्यमा अनुमति दिन स्थानीय Trading Standards Services को संस्थागत विकास गरिएकोले त्यस्ता मिटरब्याजीसँग डराउनु भन्दा उक्त कार्यालय वा स्थानीय प्रहरीमा उजुरी गर्न नागरिकहरूलाई सचेत गरिएको देखिन्छ। यस्ता संस्थाहरूले उपभोक्ताका जटिल र कानूनी उल्झनयुक्त समस्याहरूको निवारणमा सहयोग पुऱ्याउँछन्।

भारतमा डिजिटल मिटरब्याजीको समस्याबारे उल्लेख गर्दै टाइम्स अफ इन्डिया लेख्छः

कोभिड महामारीको अवस्थामा तत्काल ऋण उपलब्ध गराउने मोबाइल एप्लिकेसन खोलेर वार्षिक ५०० [3]प्रतिशतसम्म ब्याज लिने र असूलीका विभिन्न हत्कण्डा प्रयोग गरी ऋणीलाई आत्महत्या गर्न वाध्य पार्ने सम्मका कार्य गर्ने डिजिटल मिटरब्याजीहरू समेत छयाप्छयाप्ति देखिएका छन्। यस्तो शोषण र छलयुक्त कारोबारलाई नियन्त्रण गर्न चीन, केन्या इन्डोनेशिया लगायतका अधिकारीहरूले त्यस्ता एप्लिकेशन बन्द गराउने लगायतका कठोर तरिका अवलम्बन गरेको देखिन्छ।

त्यसै गरी THE WEEK का अनुसार भारतमा किसानहरूलाई लोनसार्क (मिटरब्याजी) हरूले ऋणको पासोमा यसरी पारेका छन् कि मानौं उनीहरू नै कानून हुन्। भारतमा ६० करोड किसानहरू वार्षिक ५०% भन्दा बढी ब्याजदरमा ऋण लिन बाध्य छन्। दैनिक १०% सम्म र महिनामा ३००% सम्म ब्याज लिने र तिर्न नसक्नेहरूलाई घातक आक्रमण र ज्यानै लिनेसम्मका करतुतका उदाहरण दिँदै उक्त सञ्चार माध्यमले त्यस्ता अपराधीहरूलाई प्रहरीले वहु-अपराधमा मुद्दा चलाउने गरेको [4] उल्लेख गरेको छ। भारतमा ग्रामीण कर्जाको ७०% यिनै मिटरब्याजीको कब्जामा रहेको उनीहरूले ऋणीविरुद्ध गर्ने हिंसा र दिने यातना अत्यन्तै अमानवीय रहेको समेत उक्त आलेखमा उल्लेख छ।

बङ्गलादेशमा उच्च अदालतको आदेशबाटै प्रत्येक जिल्ला र उपजिल्लामा मिटरब्याजीविरुद्ध उजुरी पेटिका राखिएको छ। स्थानीय प्रशासनको क्षेत्राधिकारभित्र रही त्यस्ता व्यक्तिहरूउपर

---

[2] Dealing with loan sharks https://www.nidirect.gov.uk/articles/dealing-loan-sharks#:~:text=Financial%20Services%20Register-,If%20you're%20being%20harassed,threatens%20you%20or%20uses%20violence

[3] India's digital loan sharks face crackdown as complaints mount
Read more at:
http://timesofindia.indiatimes.com/articleshow/88680560.cms?utm_source=contentofinterest&utm_medium=text&utm_campaign=cppst

[4] **Inside the bloody world of India's mafia loan sharks**
https://www.theweek.in/news/biz-tech/2018/03/30/inside-the-bloody-world-of-india-mafia-loan-sharks.html


कारवाही प्रारम्भ हुन्छ। कम आय भएका तथा जायजेथा नभएका व्यक्तिहरूलाई कम ब्याज दरमा बिना धितोको ऋण दिन बैङ्क तथा वित्तीय संस्था अघि सर्नुपर्ने र स्थानीय प्रशासनले मिटरब्याजपीडितहरूका उजुरी लिन अलगै डेस्कको व्यवस्था गर्नुपर्ने त्यहाँको Financial Express [5]ले उल्लेख गरेको छ।

## ४. अदालती प्रकृया र पीडितको अवस्था

अध्ययनको क्रममा उजुरीकर्ताहरूसँगको अन्तर्क्रियाबाट कतिपय पीडितहरूका विरुद्ध अदालतमा मुद्दा दायर भई अदालतमा विचाराधीन अवस्थामा रहेको देखियो भने कतिपयमा अदालतबाट फैसला समेत भइसकेको जानकारी प्राप्त भयो। कार्यदलले भ्रमणको क्रममा मिटरब्याजी साहूकारले पीडितको विरुद्द मुद्दा दायर गर्ने, अदालतले अदालती प्रक्रिया बमोजिम प्रमाण कानूनको आधारमा फैसला गर्ने, अदालतसम्म पीडितहरूको पहुँचस नहुने, पहुँच भएतापनि अदालती प्रक्रियाका बारेमा जानकारी नहुने गरेको पाइयो । कतिपय मुद्दामा अदालतबाट फैसला भइसकेपछि मात्र थाहा पाउने गरेको, फैसलामा कतिपयलाई कैद ठेकेको पाइयो भने ऋण लिदा दृष्टिबन्धक राखेको जग्गा समेत साहूकारकै हुने भनी फैसला गरेको कारणबाट सुकुम्बासी हुन पुगेको अवस्था समेत देखियो। यसरी एकातर्फ राज्यले नै निशुल्क कानूनी पाउने संवैधानिक हकको व्यवस्था गरेको र सोही बमोजिम जिल्ला जिल्लामा निशुल्क कानूनी सहायता समिति तथा वैतनिक कानून व्यवसायीको प्रबन्ध मिलाइएको छ भने अर्को तर्फ मिटरब्याज पीडितहरूलाई यस बारेमा जानकारी समेत छैन। अदालतसम्म सहज पहुँच नभएकै कारणबाट पीडितले अनावश्यक दुःख तथा हैरानी पाउनु परेको समेत देखियो। न्याय निरूपणमा पीडितहरू थप पीडित हुनाका कारणहरूलाई तलको चित्रमा प्रस्तुत गरिएको छः

---

5 **Need for prompt action against loan sharks** https://thefinancialexpress.com.bd/editorial/need-for-prompt-action-against-loan-sharks-1650039174


न्याय निरूपणमा समस्या
ऋणीले साहूले तयार गरेको जस्तोसुकै कागजात/तमसूकमा हस्ताक्षर गर्ने
ऋण लिँदा साहुलाई जग्गा दृष्टिबन्धक वा रजिष्ट्रेशन/छिनुवा पास गरी दिने
ऋणीले तिरेको रकमको भरपाई वा तमसुकमा साहुले दरपीठ नगरिदिने
ऋण नतिरेको भनी साहुले दिएको मुद्दामा आदालतको आदेश, म्याद वा पूर्जी बुझ्न डराउने वा प्रतिरक्षा गर्न नसक्ने
जग्गा लिलाम विक्रीमा जाँदा साहु वा निजको प्रोक्सीले नै सकार्ने
कमजोर प्रतिरक्षा गर्ने वा अदालतमा उपस्थित नै नहुने र कैद ठकिएकोमा लुकीछिपि बस्न बाध्य हुने र सुकुम्बासी हुने

# परिच्छेद तीन

# सिफारिस

उजुरीका प्रकृतिको अध्ययन, स्थलगत रूपमा सरोकारवालासँग गरिएको अन्तर्क्रिया र प्राप्त जानकारीको विश्लेषणबाट मिटरब्याजी समस्याको अल्पकालीन एवं दीर्घकालीन समाधानका लागि निम्न उपायहरू अवलम्बन गर्नुपर्ने यस कार्यदलको सिफारिस रहेको छः

## १. प्राप्त उजुरीमा तत्काल छानबिन र कारवाहीमा निरन्तरता

कार्यदलको मिति २०७९।०५।२८ को सूचना अनुसार मिति २०७९ भाद्र ५ गतेभित्र दर्ता भएका १९३७ उजुरीहरूमा स्थानीय प्रशासनको विद्यमान क्षेत्राधिकारभित्र रही आवश्यक छानबिन र कारवाही प्रकृया अघि बढाउन र उजुरी दर्ता प्रकृयालाई निरन्तरता दिन कार्यदलले मिति २०७९ भाद्र ६ गते सबै जिल्ला प्रशासन कार्यालयहरूलाई पत्राचार गरेकोमा (हेर्नुहोस् अनुसूची नं २ ) मिति २०७९ भाद्र २१ सम्म थप ३५२ वटा उजुरी दर्ता भै जम्मा उजुरी संख्या २,२८९ हुन गएको र ती उजुरीमध्ये ५६ वटा उजुरी स्थानीय प्रशासनको सक्रियतामा दुवै पक्षलाई बोलाई फरफारक भएको अवस्था छ। जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका उजुरीमध्ये मिति २०७९।०५।२१ सम्म १४ वटा मुद्दा मध्ये ७ वटा मुद्दा अनुसन्धानको क्रममा रहेको र बाँकी ७ वटा अदालतामा मुद्दा दायर गरिसकिएको अवस्था छ। सो को विवरण अनुसूची ८ मा समावेश गरिएको छ। यसबाट स्थानीय प्रशासनको सक्रियताले मिटरब्याजीको शोषणबाट पीडितलाई राहत तथा न्याय दिन सकिन्छ भन्ने कुरा पुष्टि हुन आउँछ।

विद्यमान क्षेत्राधिकारको पर्याप्त अभ्यास नगरेको कारणले पनि प्रचलित कानूनमा मिटरब्याजीको बारेमा उल्लेख नभएको भनी त्यस्ता उजुरी उपर सक्रियतापूर्वक छानबिन र कारवाही नगरेको सत्यलाई स्वीकार्नु पर्दछ। तसर्थ स्थानीय प्रशासनलाई देहाय अनुसार गर्न परिपत्र गर्नु गराउनु पर्ने देखिन्छः

१.१ उजुरी दर्ता गर्दा प्रमाण नपुगेको भनी उजुरी फिर्ता नगरी प्रमाण सङ्कलनका लागि उजुरीकर्तालाई सहयोग गर्ने। झुठ्ठा उजुरीलाई निरुत्साहित गर्ने।

१.२ दर्ता भएका उजुरीको वर्गीकरण गरी उजुरीकर्ता र आरोपित दुवै पक्षलाई बोलाई छलफल गरी अन्यायमा परेको पक्षलाई हौसला दिँदै आरोपितलाई आफ्नो कारोबारको विवरण सहित प्रस्तुत हुन आदेश गर्ने र कारोबारको विश्लेषण गर्ने।

१.३ घरजग्गा रजिष्ट्रेसन पास गरी दिएको तर पुर्ख्योली बसोबास रही हाल सम्म ऋणीले नै भोगचलन तथा बसोबास गरेका घरजग्गाका हकमा बिक्री गरी राजिनामा पास गरेको भए बिक्रेता त्यो स्थान छाडेर अन्यत्र गईसक्नु पर्ने र रजिष्ट्रेसन पास लिनेले उक्त

घरजग्गा आफ्नो स्वामित्वमा लिइसक्ने अवस्थालाई मध्यनजर गरी रजिष्ट्रेशन पास दिइसकेको घरजग्गामा ऋणीकै भोगचलन रही आएको देखिएमा उक्त कारोवारमा छलछाम हुनसक्ने सम्भावनालाई मध्यनजर गरी तदनुरूप दुवै पक्षलाई राखी वास्तविकता पहिचान गर्ने र समस्या समाधानको पहल गर्ने।

१.४ एकै व्यक्तिले आफ्नो आर्थिक हैसियत भन्दा बढी धेरै जनालाई ऋण लगानी गरेको देखिएमा त्यस्तो ब्यक्ति उपर सम्पत्ति शुद्धिकरण ऐन बमोजिम अनुसन्धान गर्न सम्बन्धित निकायमा लेखी पठाउने । साथै, ऋण दिए वापत ऋणीको यौनशोषण, निशुल्क वा वाध्यकारी श्रम शोषण र अपराधका अन्य पक्षहरूमा आफ्नो क्षेत्राधिकार भित्र रही मुद्दा दायर गर्ने।

## २. सङ्घीय एकाईहरूको भूमिका र राजनीतिक प्रतिवद्धता

२.१ स्थानीय तहमा उपाध्यक्ष/उपमेयरको अध्यक्षतामा रहेको न्यायिक समिति थप सक्रिय भई आ-आफ्नो पालिका भित्रका लेनदेनमा आधारित मिटरब्याजी सम्बन्धी समस्याहरू पहिचान गरी ऋणी र साहु दुवै पक्षलाई बोलाई वास्तविकता पहिचान गरी छलफलको माध्यमबाट समस्या समाधानको पहल गर्ने ।

२.२ हाल दर्ता हुन आएका उजुरीका हकमा समेत दुवै पक्षलाई जुटाई समस्या समाधान गर्न स्थानीय प्रशासनलाई स्थानीय तहका जनप्रतिनिधिहरूले आवश्यक सहयोग र समन्वय गर्ने।

२.३ पालिका भित्र आय आर्जनमा संलग्न हुने तथा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि वडास्तरमा रिभल्भिङ्ग फन्ड खडा गरी सहुलियतपूर्ण ऋण दिने व्यवस्था मिलाउने।

२.४ तीनै तहका सङ्घीय एकाइले मिटरब्याज विरुद्धको सचेतना कार्यक्रम सञ्चालन गर्ने।

२.५ सबै राजनीतिक दलहरूले मिटरब्याजीबाट कुनै खाले चन्दा वा आर्थिक सहायता नलिने, राजनीतिक संरक्षण नगर्ने र कुनै पनि पदमा उम्मेदवार नबनाउने प्रतिवद्धता व्यक्त गर्ने।

## ३. सरकारका वार्षिक नीति तथा कार्यक्रम

३.१ धेरै मिटरब्याज पीडितहरूले वैदेशिक रोजगारीमा जान म्यानपावर कम्पनीलाई बुझाउनु पर्ने शुल्कको लागि मिटरब्याजीसँग ऋण लिएको र त्यसबाट उत्रिन नसकेको गुनासो गरेको हुँदा वैदेशिक रोजगारीमा जानेका लागि शून्य लागतको प्रभावकारी कार्यान्वयन गर्ने र त्यसो हुन नसकेको अवस्थामा पनि वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई उनीहरूले विदेशमा आर्जन गरेको आय रेमिटेन्स खातामा जम्मा गर्ने र सो खातामा जम्मा भएको रकमबाट ऋणको साँवा ब्याज कट्टा हुने गरी श्रम स्वीकृति तथा रोजगारदातासँगको करार सम्झौता राखी सहुलियतपूर्ण ऋण प्रवाह गर्ने व्यवस्था

मिलाउने। त्यस्तो ऋणको सुरक्षणवापत वैदेशिक रोजगार बोर्डले पुनर्वीमामा निश्चित अंश भुक्तानी दिने व्यवस्था गर्ने।

३.२ आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुँदा नं ३१९ मा उल्लेख भए बमोजिम लघुवित्त र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरीवेक्षण व्यवस्था प्रभावकारी बनाउनुका साथै सीमान्तकृत तथा दलित समुदायको वित्तीय पहुँच अभिवृद्धि गर्न ***सिमान्तकृत तथा दलित उत्थान कोष*** अविलम्ब स्थापना गरी परिचालन गर्ने।

## ४. कानूनी सचेतना र सुधार

४.१ नेपालको संविधानको भाग ३ धारा २० को उपधारा (१०) ले निशुल्क कानूनी सहायता पाउने मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । आर्थिक र सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने गरिब, विपन्न, आर्थिक रूपले पछाडि पारिएका व्यक्तिहरूको लागि **निशुल्क कानूनी सहायता उपलब्ध गराउन** कानूनी सहायता ऐन, २०५४ जारी गरिएको छ । सोही बमोजिम जिल्ला जिल्लामा कानूनी सहायता समिति क्रियाशील रहेका छन् । कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ को नियम १० अनुसार वार्षिक चालीस हजार भन्दा कम आय हुने व्यक्तिलाई सम्बन्धित स्थानीय तहबाट भएको सिफारिको आधारमा अदालतमा बहस पैरवी गर्न, तारेख लिन, लिखत तयार पार्न तथा अन्य कानूनी राय परामर्श दिनको लागि निःशुल्क वैतनिक कानून व्यवसायी गराइएको भएतापनि यो व्यवस्थाका बारेमा जिल्लाका अधिकांश मिटरब्याजबाट पीडितहरूलाई जानकारीसम्म नभएको स्थलगत अनुगमनको क्रममा पाइयो। यसलाई विभिन्न सञ्चार माध्यमबाट व्यापक प्रचारप्रसार गर्नु गराउनु पर्ने देखिन्छ। निशुल्क कानूनी सहायतलाई व्यापक प्रचार प्रसार गरी नागरिकको निशुल्क कानूनी सहायता पाउने हक दिलाउन राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, गैरसरकारी संस्था, सञ्चारकर्मी लगायत सबैले आआफ्नो ठाउँबाट पहल कदमी गर्नुपर्ने देखिन्छ।

४.२ अदालतमा बिद्यमान उजुरी सम्बन्धमा समेत अदालतबाटै मेलमिलापका माध्यमबाट समस्या समाधान गर्ने गरी छलफल गरी सहमति खोज्न मेलमिलाप सम्बन्धी नियमावली, २०७० तथा अदालतमा प्रेषित मेलमिलाप कार्यसञ्चालन निर्देशिका बमोजिम मेलमिलापकर्ता परिचालन गर्नुपर्ने देखिन्छ ।

४.३ धेरै जसो पीडितले अदालतको फैसला आइसकेपछि मात्र आफुहरूले मुद्दा परेको कुरा थाहा पाएको भन्ने भनाई राखेको हुँदा र जानकारी पाउँदा पनि प्रतिवाद पेश गर्न कानुन ब्यवसायीलाई बुझाउनु पर्ने पारिश्रमिक भुक्तान गर्न समेत समर्थ नहुने समस्या देखिएको अवस्थालाई मध्यनजर गरी लेनदेन सम्बन्धी उजुरी अदालतमा दर्ता गर्नु अगावै निश्चित रकम (रु. ५० लाख) सम्मका लिखतको हकमा स्थानीय प्रशासनको नेतृत्वमा अन्य सरोकारवाला समेतको एक समिति बनाई पहिलो चरणमा सोही समितिबाट उजुरी उपर सुनुवाई गर्ने र सो

समितिबाट समस्या समाधान नभए सोही समितिको सिफारिसका आधारमा मात्र अदालती प्रकृयामा जान पाउने कानुनी व्यवस्था गर्नु उपयुक्त देखिन्छ।

४.४ नेपालको विद्यमान कानुनले लेनदेन सम्बन्धी मुद्दालाई देवानी संहिता अन्तर्गत व्यक्तिवादी मुद्दाको रुपमा राखी लिखतका आधारमा सिधै अदालतमा मुद्दा दायर गर्न सक्ने कानुनी प्रावधान रहेको देखिन्छ । शिक्षित र कानुनी ज्ञान भएका नागरिकहरूका हकमा लेनदेन सम्बन्धी यो प्रावधान उचित देखिए तापनि गाउँघरका सिमान्तकृत, विकल्पविहीन र अशिक्षित वर्गलाई ऋणीले लिएको ऋण भन्दा धेरै गुणाको तमसूक बनाउने, अदालती प्रयोजन र असूली प्रयोजनका लागि अलगअलग तमसूक बनाउने र त्यसको अतिरिक्त घरजग्गा रजिष्ट्रेशन पास गराई लिने तथा बैंक तथा वित्तीय संस्थाले जस्तै गरी घरजग्गा दृष्टिबन्धक राख्ने जस्ता क्रियाकलापहरू देखिएकोले विद्यमान कानुनका परिमार्जन गरी,

क) घरसारको कागजको आधारका एक ब्यक्तिले कति जनालाई कति रकम सम्म ऋण दिन पाउने भन्ने सीमा तोकी उक्त सीमाभित्रको कारोबार गरेको तमसूक सम्बन्धित वडाका प्रतिनिधिको रोहवरमा मात्र गर्ने,

ख) घरजग्गा दृष्टिबन्धक वा रजिष्ट्रेशन पास गर्दाका वखत भएको कारोबारमा उल्लिखित रकम ऋणीको बैंक खातामा जम्मा गरेको बैंक स्टेटमेन्टमै खुलेको हुनुपर्ने अनिवार्य व्यवस्था गर्ने,

ग) हाल प्रचलनमा रहेको घरसारको तमसुक वडा कार्यालयमा दर्ता गर्नुपर्ने प्रावधान रहेको भए तापनि साहूलाई अनुकूल हुने गरी मिति मिलाई दर्ता गर्ने गरेको वा साहूले धाकधम्की वा अन्य बाध्यात्मक अवस्था सिर्जना गरी आफूले तयार गरेको तमसूक बमोजिमकै रकम लिएको हो भन्न ऋणीलाई बाध्य पार्ने गरेको ब्यापक गुनासो आएको सन्दर्भमा मुलुकी देवानी संहिता लागु हुनु पूर्व गरिएका सबै घरसारका तमसूकहरूलाई निश्चित समयावधि दिई दुवै पक्षको संलग्नतामा कारोबारको अङ्क यकिन गरी गराई थप बुझ्नुपर्ने भए बुझी सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्ने र उक्त समयावधिमा दर्ता नभएका सबै लिखत बदर गर्ने गरी केही नेपाल ऐन संशोधनमार्फत् आवश्यक व्यवस्था गर्नु उपयुक्त हुने । यसरी लिखत प्रमाणीकरण गर्दा कुनै पक्ष वदनीयतपूर्ण रूपले अनुपस्थित भएमा अपनाउनु पर्ने उपायका सम्बन्धमा कार्यविधि बनाई स्पष्ट ब्यवस्था गर्नु उपयुक्त हुने।

घ) यस्ता घरसारमा गरिएका कागजातहरूमा लेनदेन गरिएको वास्तविक रकम भन्दा फरक ब्यहोराका कागजमा दोहरो तेहेरो अर्थ लाग्ने गरी कागज खडा गरी अड्डा अदालतमा पेश गर्न आवश्यक पर्दा कानून सम्मत ढङ्गको हुने गरी लेखिएको कागजात पेश गर्ने गरेको तर पीडितसँग साँवाब्याज असूल गर्दा उच्च ब्याजदरको र वास्तविक भन्दा बढी कायम गरी तयार गरेको लिखत अनुसार

माग दावी गर्ने गरेको पाइएकोमा साहुकार र ऋणीबीच लिखत कागज गर्दा कागजको निश्चित मापदण्ड निर्धारण गरी मापदण्ड विपरितका कागजात अवैध हुने गरी त्यस्तो कागज तयार गर्ने गराउनेलाई दण्डित गर्ने कानूनी व्यवस्था गर्नु पर्दछ।

४.५ मिटरब्याजलाई वित्तीय अपराधको रूपमा परिभाषित गरी मिटरब्याजी कारोबारमा हुने दण्ड सजायको स्पष्ट कानूनी व्यवस्था हुनुपर्दछ।

४.६ ऋण तिर्न नसक्ने ऋणीलाई मिटरब्याजीले धम्की वा हिंसाको माध्यमबाट आतङ्कित वा भयभीत पारी आत्महत्या गर्नुपर्ने स्थिति सिर्जना गरेको प्रमाणित हुन गएमा त्यस्ता ऋणीका परिवारलाई क्षतिपूर्ति दिने कानूनी व्यवस्था गर्नु पर्दछ।

४.७ ऋणीसँग ऋणको तमसूक गर्दा ऋणीले साँवा ब्याज चुक्ता गरेपछि फिर्ता गर्ने गरी साहू वा निजले इच्छाएको व्यक्तिका नाममा जग्गा रजिष्ट्रेशन पास गरिदिएको तर कानूनसम्मत रूपले हुन आउने साँवा ब्याज पुरै चुक्ता गर्दा वा गर्न तयार हुँदा पनि जग्गा फिर्ता नगरेको पुष्टि हुन आएमा उक्त जग्गा जुनसुकै तहसम्म विक्री गरेको भए तापनि साहुले उक्त जग्गा फिर्ता गर्नुपर्ने कानूनी ब्यवस्था गर्नु उपयुक्त हुन्छ।

## ५. सचेतना साक्षरता र वित्तीय पहुँच

अनौपचारिक क्षेत्रबाट लिइने ऋणको कुनै अभिलेख देखिँदैन। नेपाल राष्ट्र बैङ्कले नेपालमा वित्तीय पहुँच विषयमा २०७८ चैत्रमा गरेको अध्ययन अनुसार 'क' 'ख' र 'ग' श्रेणीका बैङ्कहरूमा बचत खाता संख्या ३ करोड ६३ लाख ६६ हजार छ भने ऋण खाता केवल १६ लाख ८२ हजार मात्र छन्। यसले नेपालमा औपचारिक स्रोतबाट ऋण लिने सोंच र अभ्यास निकै कम भएको देखाउँछ।

सर्वसाधारणसम्म वित्तीय पहुँच पुऱ्याउन नेपाल राष्ट्र बैंकको नियमनमा बैंक तथा वित्तीय संस्था एवं सम्बन्धित साधिकार निकायले वचत तथा ऋण सहकारी संस्थाको नियमन गरी निम्न बमोजिम वित्तीय साक्षरता र वित्तीय पहुँचको व्यवस्था गर्नु पर्दछः

५.१ ***वित्तीय पहुँच अभिवृद्धि गर्ने व्यवस्था मिलाउनेः***

- सीमान्तकृत तथा दलित समुदायको वित्तीय पहुँच अभिवृद्धि गर्न बैङ्क तथा वित्तीय संस्थाहरूले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमका लागि छुट्याएको रकमको न्यूनतम पचास प्रतिशत ***सीमान्तकृत तथा दलित उत्थान कोष***मा जम्मा गर्ने र सो कोषबाट लक्षित वर्गका लागि उत्पादनशील कार्यमा ऋण प्रवाह गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा लैजाने।
- निश्चित रकमसम्मको ऋण स्थानीय तहको सिफारिसमा जुनसुकै प्रयोजनका लागि बिना धितो ऋण प्रवाह गर्ने व्यवस्था गर्ने।

- बैङ्क तथा वित्तीय संस्थाले लक्षित वर्ग कर्जाका सम्बन्धमा स्थानीय तहसँगको समन्वयमा तृणमूल तह (गाउँ-बस्तीसम्म) सम्म सूचना सम्प्रेषण गर्ने।
- स्थानीय तहमा जनताका ससानो बचत जम्मा गरेका कतिपय सहकारीका सञ्चालकहरू नै सबै रकम लिई फरार हुने गरेको, ग्रामीण तहमा विस्तार भएका बैंक तथा वित्तीय संस्थाले सिमान्तकृत तथा गरिब किसानहरूलाई सुविधा दिने भन्दा पनि बचत संकलनमा केन्द्रित भएको, कुल कर्जामध्ये पालिकामा ३.३ प्रतिशत मात्रै प्रवाह भए पनि बैंक तथा वित्तीय संस्थाको बचत संकलन भने कुल बचतको ५.८ प्रतिशत पुगेको सन्दर्भमा साना बचतकर्ताको बचतको सुरक्षा र ग्रामीण क्षेत्रमा कर्जा प्रवाहमा वृद्धि गर्न सबै सहकारीहरू एवं बैङ्क तथा वित्तीय संस्थाहरूले विशेष कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीयस्तरमा खुलेका कतिपय वचत सहकारी संस्था, लघुवित्त, फाइनान्स कम्पनीहरुले पनि स्थानीय तहमा निक्षेप संकलन गरी महँगो ब्याज दरमा कर्जा प्रवाह गर्ने र कतिपयले आफ्ना शेयरहोल्डर सदस्यहरुलाई मात्र प्राथमिकतामा राख्ने देखिएकोले त्यस्ता संस्थाले लिन पाउने अधिकतम ब्याजदरको सीमा तोकी ब्याज बाहेक अन्य विविध शीर्षकमा अतिरिक्त रकम लिन नपाउने कानूनी व्यवस्था गर्ने।

### ५.२ *वित्तीय सचेतना तथा साक्षरता:*

- मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद १५ को दफा ४७८ मा साहुले ऋणीबाट लिन पाउने ब्याजको रकम साँवा रकमको वार्षिक दश प्रतिशतभन्दा बढी हुने छैन भन्ने उल्लेख गरेपनि अधिकांश अनौपचारिक वित्तीय कारोवारमा यसको कैयौं गुणा बढी ब्याजको लेनदेन भएको पाइन्छ भने कानूनले ब्याजको ब्याज लिन नपाउने, साहुले सावाँभन्दा ब्याज धेरै लिन नपाउने जस्ता ऋणीका पक्षमा प्रावधान राखेको छ । तर यस्ता प्रावधानबारे न त ऋणीलाई थाहा हुन्छ न त प्रभावकारी कार्यान्वयन नै हुन सकेको छ । यस सम्बन्धमा भएका कानूनी प्रावधानहरूका सम्बन्धमा ब्यापक सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने।

### ५.३ *ऋण लिने प्रकृयाको ज्ञानको प्रसार*

- धेरै जसो निरक्षर तथा सीमान्तकृत व्यक्तिहरूलाई सरकार र बैङ्क तथा वित्तीय संस्थाहरूले ल्याएका लक्षित कार्यक्रममार्फत कसरी सहुलियतपूर्ण ऋण लिने भन्ने जानकारी नै नहुने र सो को फाइदा शिक्षित तथा धनी वर्गले उठाउने गरेको सन्दर्भमा लक्षित कार्यक्रममार्फत् सहुलियतपूर्ण कर्जा लिने विधि र प्रकृयाको बारेमा

पालिकामार्फत सचेतना कार्यक्रम सञ्चालन गर्ने गरी बैङ्क तथा वित्तीय संस्थाहरूले समन्वय र सहकार्य गर्ने।

### ५.४ *धितो मूल्याङ्कन प्रकृयामा पुनरावलोकनः*

- बैङ्क तथा वित्तीय संस्थाहरूले ऋणीसँग धितो लिँदा बाटो नपुगेको जग्गाको मूल्याङ्कन गर्न अस्वीकार गर्ने गरेको तथा गुगल म्यापलाई आधार लिई सीमा क्षेत्रका जग्गाहरू धितोको रूपमा लिन अस्वीकार गर्ने गरेको सन्दर्भमा सबै बैंक तथा वित्तीय संस्थाहरूले सो प्रावधानमा अविलम्ब परिवर्तन गरी बाटो नभएका घरखेतलाई पनि धितोको रूपमा लिने र गुगल म्यापको आधारमा नभई लालपूर्जाको आधारमा स्थानीय स्तरबाट उक्त जग्गा यकिन गरी गराई धितो लिनसक्ने व्यवस्था गर्ने।

### ५.५ *ऋण असूली प्रकृयामा परिवर्तनः*

- बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका ब्यक्तिले बैङ्क तथा वित्तीय संस्थाको नियमानुसार साँवा तथा ब्याजको व्यवस्थापन गर्नु पर्ने हुन्छ तर बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली तालिका अनुसार किसानहरू नियमित आम्दानी हुँदैन। बालीनाली लगाएर उत्पादन भई बिक्री गरी पैसा आउने तरकारी, धान, मकै, गहुँ जस्ता अन्न एवं आलु, केरा, उखु जस्ता नगदे बाली हुन्। केराको उत्पादनका लागि न्युनतम ३/४ महिना लाग्छ भने उखु उत्पादन तथा बिक्री गरी सो को भुक्तानी पाउन १५ देखि १८ महिना सम्म लाग्ने देखिन्छ। त्यसमा पनि किसानले चिनी मिललाई उधारो बेच्नु पर्ने र उत्पादनका लागि बिऊ, मल, किटनाशक पदार्थ खरिद गरेवापतको रकम तिर्न मिटरब्याजीको शरणमा जानुपर्ने अवस्था देखिन्छ। तसर्थ राष्ट्र बैंक मार्फत् नीतिगत परिमार्जन गरी फसलको धितोमा ऋण दिन सकिने तथा सिमान्तकृत वर्गका ऋणीहरूको हकमा वार्षिक रूपमा साँवा ब्याज भुक्तानी गर्न पाउने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ।
- कृषि उपजको बिक्री कुनै संस्थालाई गरेको अवस्थामा बिक्री गरेकै बखत किसानले सो को भुक्तानी पाउने व्यवस्था गर्ने।

### ५.६ *विपन्न वर्गले लिने ऋणको ब्याजमा अनुदान दिने*

- औषधोपचार लगायतका आकस्मिक तथा अत्यावश्यक खर्चका लागि निश्चित परिमाण र निश्चित अवधिको कर्जामा सीमान्तकृत समुदायलाई पूर्ण ब्याज छूट वा अनुदान उपलब्ध गराउन आवश्यक रकम बैङ्क तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व (corporate social responsibility) मार्फत् ब्यहोर्ने गरी आवश्यक व्यवस्था मिलाउने।